घोडाघोडी स्थानीय राजपत्र

# घोडाघोडी नगरकार्यपालिकाको कार्यालय द्धारा प्रकाशित

सुखड, कैलाली ७ नं. प्रदेश, नेपाल

| भाग २ | वर्ष २ | अंक १९ | २०७५ श्रावण १३ गते |
|---|---|---|---|


घोडाघोडी नगरकार्यपालिकाबाट मिति २०७५।४।१३ मा स्वीकृत भएको **निजी स्रोत विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन कार्यविधि** स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीका लागि प्रकाशन गरिएको छ।

# घोडाघोडी नगरपालिका निजीस्रोत विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन कार्यविधि २०७५

**नेपालको संविधान २०७२ को अनुसूची ८,स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ज ले दिएको अधिकार कार्यान्वयन गर्नका लागि विद्यालयको कुसल व्यवस्थापन गरि विद्यालयको निजीस्रोत बाट व्यहोर्ने गरि नियूक्ति गरिएका शिक्षक तथा कर्मचारीहरुको व्यवस्थापन गर्नका लागि निजी स्रोत विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन कार्यविधि २०७५** जारी गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

## संक्षिप्तनाम र परिभाषा

१. संक्षिप्तनाम र प्रारम्भ (१) यो कार्यविधिको नाम “निजीस्रोत विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन कार्यविधि २०७५” रहेकोछ।

(२) यो कार्यविधि घोडाघोडी नगरपालिकाक्षेत्रभर लागु हुनेछ।

(३) यो कार्यविधि तुरुन्तप्रारम्भ हुनेछ।

२. परिभाषा : विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) “कार्यपालिका”भन्नाले घोडाघोडी नगरकार्यपालिकालाई सम्झनु पर्छ।

(ख) “नगरपालिका”भन्नाले घोडाघोडी नगरपालिका सम्झनु पर्छ।

(ग) “नगर शिक्षा समिति”घोडाघोडी नगरपालिकामा गठित नगर शिक्षा समिति भन्ने सम्झनु पर्दछ।

(घ) “शिक्षाअधिकृत”भन्नाले घोडाघोडी नगरपालिकाको शिक्षाशाखाको प्रमुखवा सो प्रमुखको कामकाजगर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

(ङ) “शिक्षा शाखा”भन्नाले घोडाघोडी नगरपालिकामा रहेको शिक्षा शाखालाई सम्झनु पर्छ।

(च) “सामुदायिक विद्यालय”भन्नाले नेपाल सरकारवाट वा नगरपालिकावाट अनुमतिपाई अनुदान प्राप्त गर्ने विद्यालय भन्ने सम्झनु पर्दछ।

(छ) “संस्थागत विद्यालय”भन्नाले निजीलगानीमा संचालनगर्ने गरी अनुमति प्राप्त गरको विद्यालयलाई सम्झनु पर्छ।

(ज) “निजी स्रोत शिक्षक”भन्नाले विद्यालयले आफ्नो स्रोतवाट तलव भत्ता व्यहोर्ने गरि नियूक्ती गरिएको शिक्षकलाई जनाउने छ।

(झ) “स्वयंसेवक शिक्षक”भन्नाले न्यूनतम जिवन निवार्ह खर्च लिई विद्यालयमा सेवा गर्ने शिक्षकलाई जनाउने छ।

## परिच्छेद दुई

### नयाँ शिक्षक तथा कर्मचारी नियूक्ती

(१) विद्यालयले निजी स्रोतमा शिक्षक तथा कर्मचारी नियूक्ति गर्न कार्यविधि वनाई दरवन्दी सिर्जना गरि पदपुर्तीका लागि नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) विद्यालयमा तत्काल कायम रहेको दरवन्दीमा अपुगभई स्वयंसेवक शिक्षक नियूक्ती गर्नुपर्ने भएमा नगरपालिकाबाट अनुमति लिएर मात्रभर्ना गर्नुपर्नेछ ।

(३) उपदफा १ र २ बमोजिमको निवेदन प्राप्त भएमा उक्त विवरणको वास्तविक अवस्था सहित शिक्षा अधिकृतले अनुमतिका लागि नगर शिक्षा समितिमा पेस गर्नु पर्नेछ ।

(४) उपदफा ३ बमोजिम प्राप्त कागजात सहितमाथि छलफल गरि विषय, तह, कार्यरत शिक्षक संख्या र विद्यालयको आर्थिक अवस्था, आवश्यकता र औचित्यताका आधारमा नगर शिक्षा समितिले निर्णय गर्नेछ ।

(५) उपदफा ४ बमोजिमको निर्णय पश्चात शिक्षा अधिकृतले अनुमतिदिनु पर्नेछ ।

(६) उक्तपदहरुमा करार शिक्षक छनोट समितिले पदपुर्तीको कामगर्नेछ ।

(७) पदपुर्ती समितिको सिफारिसमा वि.व्य.स.ले नियूक्ती दिनु पर्नेछ ।

(८) यसरी दिइएको नियूक्तिको अभिलेखिकरण शिक्षा शाखामा गराउनु पर्नेछ ।

(९) अभिलेखीकरणको जानकारी शिक्षा अधिकृतले सम्वन्धीत विद्यालयलाई गराउनु पर्नेछ ।

नोटः कार्यरत निजीस्रोत शिक्षकको समेत यो कार्यविधिप्रारम्भ भएको मितिले २ महिना भित्र अभिलेखीकरण गरि सक्नु पर्नेछ । र उक्त जिम्मेवारी सम्वन्धीत शिक्षक र कार्यरत विद्यालयको हुनेछ ।

## परिच्छेद
## तीन

### तह मिलान तथा विद्यालय समयोजन हुँदा निजी स्रोत शिक्षक तथा कर्मचारी व्यवस्थापन

(१) शिक्षा शाखाले स्रोतकेन्द्र र विद्यालयको सहयोग लिई तथ्यांक अद्यावधिक तथा एकिन गर्ने ।

(२) विस्थापित हुने शिक्षकहरुको सूचीतयार गर्ने । उक्त सूचीमा रहेका शिक्षक दुई शैक्षिक सत्र सम्मका लागि मात्र मान्य हुनेछ ।

(३)विद्यालयको तह मिलान तथा समायोजनको क्रममा विस्थापित हुने शिक्षक तथा कर्मचारीलाई समायोजन भई जाने विद्यालयमा विद्यार्थी संख्याका आधारमा वर्ग खोली शिक्षक आवश्कता पर्ने अवस्था र उक्त शैक्षिक सत्रमा विद्यालयबाट निजीस्रोत शिक्षक भर्नाका लागि अनुमति माग भै आएका पदमा तह र विषय मिल्ने गरि जेष्ठताका आधारमा नगरपालिकावाट शिक्षक विद्यार्थी अनुपातका आधारमा दिइने अनुदान र विद्यालयको स्रोतवाट तलव भत्ता खाने गरि निजी स्रोत शिक्षकको रुपमा पठाइने छ । साथै स्वयंसेवक शिक्षकमा समेत समायोजन गरिने छ । यसरी समायोजन भएका शिक्षकलाई विद्यालयले अनिवार्य रुपमा काममा लगाउनु पर्नेछ ।

(४)नगरपालिका/विद्यालय स्रोतवाट नियूक्तिका लागि गरिएको विज्ञापनमा विस्थापित सूचीमा रहेका निजीस्रोत शिक्षक तथा कर्मचारीले आवेदन दिएमा सूची कायम भएको दुई वर्ष सम्म प्राथमिकता दिई अनुभव वापत शिक्षक सेवाआयोग नियमाववली बमोजिम अंक प्रदान गर्ने ।

(५) यसरी विद्यालय समायोजन तथा तह मिलान व्यवस्थापन हुन नसकेको निजी स्रोत शिक्षकलाई तपसिल बमोजिमको उपदान दिने । समयोजन हुन चाहने शिक्षकलाई उपदान दिइने छैन । उपदान लिएका शिक्षकलाई विस्थापित सूचीमा समावेश गराइने छैन ।

(क) शैक्षिक सत्र २०७४ सम्म नियूक्त भएका शिक्षकलाई २०७५ अनुसार मसान्त सम्म सेवा अवधीमा स्वयंसेवक शिक्षकका लागि तोकिएको न्यूनतम पारीश्रमिक रकम वरावर प्रतिवर्ष १ महिनाको हिसावले उपदान उपलव्ध गराउने ।

## परिच्छेद–चार

### निजीस्रोत शिक्षक कर्मचारी व्यवस्थापनका लागि अनुदान तथा सेवाशर्त र सुविधा

(१) कार्यरत शिक्षकको तवलभत्ता व्यवस्थापनका लागि शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षकलाई तलवभत्ता वापतको रकम नगरपालिकाले विद्यालयलाई अनुदान दिन सक्नेछ ।

(२) शिक्षक विद्यार्थी अनुपात नपुगभएका विद्यालयहरुलाइ एकमुष्ट अनुदान दिन सकिनेछ ।

(३) निजीस्रोतमा नियूक्त शिक्षक कर्मचारीलाई विद्यालयले प्रचलित तलव स्केल वरावर सुविधा उपलव्ध गराउनु पर्नेछ

(४) विद्यालयले स्वयंसेवीशिक्षकको न्यूनतम मासिक पारीश्रमिक तपसिल बमोजिम दिनुपर्नेछ ।

प्राथमिकतह : रु १३५००।

निम्न माध्यमिक तह ( आधारभूततह) : रु १५०००

माध्यमिकतहः १८०००

(नोट : ३ वर्ष शिक्षण अवधिभएकालाइथप २५००० र ३ वर्ष भन्दा वढी अवधी भएकालाई थप ५०,००० अनुदान दिइनेछ ।)

(५) निजीस्रोत शिक्षकको हकमा आवश्यक योग्यता नपुगभएमा स्वतःअवकास हुनेछन् ।

(६) सो कुराको जानकारी विद्यालयले नगरपालिकालाई गराउनु पर्नेछ ।

(७) सँस्थागत विद्यालयमा नियूक्तहुने शिक्षक प्रचलित कानुन बमोजिम योग्यता पुगेको हुनु पर्नेछ ।

(८) उपदफा ७ बमोजिम योग्यता पुगेको शिक्षकलाई सँस्थागत विद्यालयले नियूक्त गर्दिदाँ सेवाशर्त र सुविधा तोकिदिनु पर्नेछ ।

(९) स्वयंसेवीशिक्षकको लागि तोकिएको रकममा नघटाई सँस्थागत विद्यालयले सेवाशर्त र सुविधाहरु उपलब्ध गराउनु पर्नेछ ।

(१०) सँस्थागत विद्यालयले नियूक्त गरिएका शिक्षकको अभिलेखीकरण नगरपालिकाको शिक्षाशाखा गर्नुपर्नेछ । उक्त जिम्मेवारी सम्वन्धीत विद्यालयका प्र.अ. को हुनेछ ।

नोट : यो कार्यविधि हाललाई विद्यालय समायोजन तथा तहमिलान भएका विद्यायहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुका लागि मात्र लागु हुनेछ ।

| क.सं | विद्यालयको नाम | दरवन्दी /राहतअनुदानकोटा | कैफियत |
|---|---|---|---|
| १ | मोहनी आधारभूत विद्यालय तिलकनगर | १ | |
| २ | जनप्रगतिशिल आधारभूत विद्यालय डुडापारी | १ | |
| ३ | वालप्राथमिक विद्यालय खोपा | १ | |
| ४ | मेलघट्टी मा वि जनकपुर | १ | |
| ५ | अनुग्रह प्रा वि आम्फाटा | १ | |
| ६ | नवप्रभात र रा. लालीगुँरास प्रा वि | २ | |
| ७ | वालकल्याण प्रा वि करैचा | १ | |
| ८ | जनज्योतिआ.वि. सिम्थरी | २ | |
| ९ | अमर सहिदआ.वि. लठैया | २ | |
| १० | कालिका मा वि खल्लाखेत | १ | |
| ११ | जनताआ.वि. तप्पा | १ | |
| १२ | वालविकास प्रा वि आमखोइया | १ | |
| १३ | मालिका प्रा वि थुम्की | १ | |

आज्ञाले :

प्रमुख प्रशासकीय अधिकृत

घोडाघोडी स्थानीय राजपत्र